# अपि पावर कम्पनी लिमिटेडको
# दोस्रो विशेष साधारण सभा सम्बन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडको मिती २०७३/११/१७ मा बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम देहायका बिषयहरूमा छलफल गर्न कम्पनीको दोस्रो बिशेष साधारण सभा निम्न मिति स्थान, र समयमा बोलाउने निर्णय भएको हुदा कम्पनीका सम्पुर्ण शेयरधनीहरूको उपस्थितिको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०७३ साल चैत्र २८ गते सोमवार ( 10th April 2017)

स्थान : दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली

समय : अपरान्ह १.०० बजे देखि

**विशेष साधारण सभामा छलफलका बिषयहरू**

१. अपि पावर कम्पनी लिमिटेडको हालको शेयर संख्या १०५००००० कित्ता रहेको छ यसमा विद्यमान १ शेयर बराबर २ शेयरका दरले हकप्रद शेयर निष्काशन गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशन बाट प्राप्त हुने जम्मा रकम रु. २१० करोड मध्ये रु. १०० करोड सिद्धकाली पावर लिमिटेडमा र रु. ११० करोड कम्पनीले निमार्ण गर्ने विभिन्न सोलार आयोजनाहरुमा लगानी गर्ने सम्बन्धमा ।

२. अपि पावर कम्पनीको हालको चुक्ता पूँजी रु १०५ करोड र जारी पूँजी रु.३०० करोड रहेकोमा पूँजी वृद्धि गरी जारी पूँजी रु. ४०० करोड कायम गर्ने सम्बन्धमा ।

३. कम्पनीको पूँजी संरचनामा परिवर्तन भएको हुँदा सो अनुकुल हुनेगरी प्रबन्धपत्रमा संशोधन गर्ने तथा सो सम्बन्धी कार्य गर्ने अख्तियारी संचालक समितिलाई दिने सम्बन्धमा ।

४. विविध ।

सञ्चालक समितिको आज्ञाले<br>
सिर्जना दंगाल<br>
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**

१) विशेष साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्र, आफ्नो डिम्याट खाता नंबर वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ । कम्पनीको कार्य प्रगति प्रतिवेदन कम्पनीको प्रधान कार्यालयबाट तथा साधारण सभाका दिन सो सभाहलबाट प्राप्त गर्न सकिनेछ ।

२) शेयरधनीहरुको दस्तखतको लागी शेयरधनी उपस्थिति पुस्तिका दिउसो १२:०० बजेबाट खुल्ला गरिनेछ ।

३) साधारण सभा प्रयोजनका लागि २०७३ चैत्र १५ गते देखि २०७३ चैत्र २८ गते सम्म शेयरको दर्ता किताब बन्द रहनेछ । मिति २०७३।१२।१५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई २०७३।१२।२४ गते भित्र यस कम्पनीमा शेयर नामसारीका लागि प्राप्त विवरणका आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाउनेछन्।

४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

५) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।

६) दोस्रो विशेष साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय ट्रेड टावर नेपाल, थापाथली, काठमाडौमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।